**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल राज्य सरकारसँग प्रोटोकलको अभाव र अन्तिम समयमा स्थान परिवर्तन भएकोमा आफ्नो असन्तुष्टि व्यक्त गर्नुभएको छ।

- मुख्यमंत्री ममता बनर्जीले ९ औ अंतर्राष्ट्रीय आदिवासी संताल सम्मेलन अवधी प्रोटोकॉलको कुनै उल्लंघन नभएको बताउनुभएको छ।

- रेल मंत्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता अश्विनी वैष्णवले पश्चिम बंगालमा धेरै रेल परियोजनाहरुमा राज्य सरकारको सहयोगमा कमीका कारण ढिलाई भइरहेको आरोप लगाउनु भएको छ।

- इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ) ले दार्जिलिङ पहाडमा मतदाता सूची सम्बन्धी देखिएको एसआईआर विवादबारे राज्य निर्वाचन आयोगसँग चर्चा गर्न आफ्नो टोली सोमबार कोलकाता जाने जानकारी दिएको छ।

- आज अंतर्राष्ट्रीय महिला दिवस हो। राष्ट्रपति द्रौपदी मुर्मुले शुभकामना दिनु भएको छ।

**<u>राष्ट्रपति द्रौपदी मुर्मु प्रोटोकल</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल राज्य सरकारसँग प्रोटोकलको अभाव र अन्तिम समयमा स्थान परिवर्तन भएकोमा आफ्नो असन्तुष्टि व्यक्त गर्नुभएको छ। दार्जिलिङ जिल्लाको सिलगुडीको बागडोग्रा नजिकै गोसाईंपुरमा आयोजित नवौं अन्तर्राष्ट्रिय संथाल परिषद् सम्मेलनलाई सम्बोधन गरेपछि उहाँ आदिवासी जनतालाई भेट्न ३० किलोमिटर टाढा फाँसीदेव ब्लक अन्तर्गत विधाननगर जानुभयो। उहाँले विधाननगर सन्तोषिनी विद्याचक्र स्कूलमा रूख पनि रोप्नु भयो। यस स्कूल मैदानमा नवौं अन्तर्राष्ट्रिय संथाल सम्मेलन आयोजना हुने तय भएको थियो। तर अन्तिम क्षणमा राज्य सरकार र स्थानीय प्रशासनले अनावश्यक कारण देखाउँदै गोसाईंपुरमा कार्यक्रम स्थल सारेको थियो। छोटो सूचनामा हजारौं आदिवासी जनता यहाँ भेला भएका थिए। भेलालाई सम्बोधन गर्दै राष्ट्रपतिले राज्य सरकारको भूमिकाप्रति आफ्नो असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो मुख्यमन्त्री ममता बनर्जी कान्छी बहिनी जस्तै हुन तर किन उनी विमानस्थलमा स्वागत गर्न आएनन अथवा कुनै मन्त्रीलाई पठाएनन, भन्ने कुरा बुझ्न गाह्रो छ। उहाँले भन्नुभयो, आदिवासी, गोर्खा र अन्य आम जनता सधैं एकता, शान्ति र सद्भावमा बस्छन्। दार्जिलिङ लोकसभा सांसद राजु बिस्टले भन्नुभयो- पश्चिम बंगाल सरकारले सम्माननीय राष्ट्रपतिलाई प्रदान गरिने आधारभूत शिष्टाचार र सुविधाहरू प्रदान गर्न असफल हुनु लज्जास्पद छ। प्रोटोकल अनुसार, माननीय राष्ट्रपतिलाई विमानस्थलमा मुख्यमन्त्री, राज्य सरकारका मुख्य सचिव वा वरिष्ठ राज्य मन्त्रिपरिषद् सदस्यले स्वागत गर्नुपर्थ्यो। यद्यपि, आज उहाँलाई स्वागत गर्न पश्चिम बंगाल सरकारका कुनै पनि मन्त्री उपस्थित थिएनन्। यो प्रोटोकलको उल्लङ्घन मात्र थिएन, तर हाम्रो राष्ट्रको प्रथम नागरिकप्रति पूर्ण रूपमा अवहेलना थियो।

बाइट

**<u>पश्चिम बंगाल - मुख्यमंत्री</u>**

पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले भन्नुभएको छ, राष्ट्रपति द्रौपदी मुर्मुको सिलीगुड़ीमा आयोजित ९ औ अंतर्राष्ट्रीय

आदिवासी संताल सम्मेलन अवधी प्रोटोकॉलको कुनै उल्लंघन भएको छैन। उहाँले भन्नुभयो यो कार्यक्रम एक निजी संस्थाद्वारा आयोजित गरिएको थियो।

एक बयानमा सुश्री बनर्जीले भन्नुभयो अंतर्राष्ट्रीय संताल परिषदले राष्ट्रपतिलाई सिलीगुड़ीमा आयोजित ९ औ अंतर्राष्ट्रीय आदिवासी संताल सम्मेलनमा भाग लिनका लागि आमंत्रित गरेको थियो। उहाँले भन्नुभयो, "सुरक्षा समन्वय पछि, जिला प्रशासनले राष्ट्रपति सचिवालयलाई लिखित रूपमा सूचित गरेको छ कि आयोजकको तयारी अपर्याप्त प्रतीत भइरहेको थियो; यो चिंता टेलीफोन मार्फत पनि व्यक्त गरिएको थियो।"

बनर्जी अनुसार, राष्ट्रपति सचिवालयको टीमले 5 मार्चको दिन कार्यक्रम स्थलको भ्रमण गरेको थियो अनि उनीहरुलाई व्यवस्थाको कमीसित अवगत गराइएको थियो, तर कार्यक्रम निर्धारित समय अनुसार जारी रह्यो।

**राष्ट्रपति मुर्मू- सांसद विष्ट**

दार्जिलिङका सांसद राजु विष्टले सन्ताल समुदाय दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रको सामाजिक तथा सांस्कृतिक जीवनको महत्वपूर्ण अङ्ग रहेको बताउनु भएको छ। उहाँले सन्तालहरूले आफ्नो भाषा, संस्कृति, चाडपर्व, सङ्गीत र नृत्य जोगाएर राख्दै यस क्षेत्रको सांस्कृतिक विविधतामा महत्वपूर्ण योगदान दिँदै आएको उल्लेख गर्नु भयो। हिजो बागडोग्रामा आयोजित 9औँ अन्तर्राष्ट्रिय सन्ताल सम्मेलनमा सहभागी हुँदै उहाँले यस्तो बताउनु भएको हो। सम्मेलनमा राष्ट्रपति द्रौपदी मुर्मूको उपस्थितिको बारेमा बोल्नु हुँदै श्री विष्टले भन्नु भयो यस क्षेत्रका मानिसहरुको लागि यो गर्वको कुरा हो। उहाँले अनुसूचित जनजाति समुदायबाट भारतको पहिलो राष्ट्रपति बनेकी द्रौपदी मुर्मूको जीवनयात्रा प्रेरणादायी रहेको उल्लेख गर्नु हुँदै शिक्षकबाट देशको सर्वोच्च संवैधानिक पदसम्म पुगेको उहाँको यात्रा देशभरीका आदिवासी समुदायका लागि प्रेरणाको स्रोत बनेको बताउनु भयो।

**संसद बिष्ट**

दार्जिलिंग लोकसभा क्षेत्रका भारतीय जनता पार्टी (भाजपा) सांसद राजू बिष्टले पश्चिम बंगालमा आगामी विधानसभा चुनाव राष्ट्रपति शासन अन्तर्गत गराउन पर्ने आवश्यकता रहेको बताउनुभएको छ। उहाँले चाडै यस संबंधमा राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गरी राज्यको वर्तमान स्थितिसित अवगत गराउने बताउनु भएको छ। उहाँले भन्नुभयो, राष्ट्रपतिलाई पश्चिम बंगालको कानून-व्यवस्थाको स्थितिसित अवगत गराउदै विधानसभा चुनाव राष्ट्रपति शासन अन्तर्गत गराउने संभावनामाथि विचार गर्ने अनुरोध गरिनेछ।

**बंगाल रेल परियोजना**

रेल मंत्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता अश्विनी वैष्णवले पश्चिम बंगालमा धैरै रेल परियोजनाहरुमा राज्य सरकारको सहयोगमा कमीका कारण ढिलाई भइरहेको आरोप लगाउनु भएको छ। जसमा विशेष रूपले भूमि अधिग्रहणसित जोडिएको परियोजनाहरु सामेल छन्।

श्रीरामपुरको महेशमा ऐतिहासिक जगन्नाथ मंदिरमा पूजा-अर्चना पछि पत्रकारहरुसितको सम्बदमा श्री वैष्णवले भन्नुभयो, राज्यमा रेल परियोजनाहरुका लागि ज़रूरी भूमिको केवल 27 प्रतिशत मात्र अधिग्रहित गरिएको छ, जबकि 73 प्रतिशत अझै लंबित छ। उहाँले यसै कारण धैरै ज़रूरी रेल परियोजनाहरुमा काम नभएको दाबी गर्नुभयो। उहाँले हुगली जिल्लामा भारतीय जनता पार्टीको परिवर्तन यात्राको शुभारंभ पनि गर्नुभयो।

रेल मंत्रीले भन्नुभयो केंद्र सरकारले पश्चिम बंगालमा रेलको विकासका लागि 14 हजार 200 करोड़ रुपियाँको बजट आवंटित गरेको छ। यस अतिरिक्त राज्यका लागि 93 हजार करोड़ रुपियाँको रेल परियोजनाहरुलाई पहिले नै मंजूरी दिएको छ। उहाँले यी मध्ये धैरै परियोजनाहरु भूमि अधिग्रहणमा राज्य सरकारबाट सहयोग नहुँदा रोकिएको बताउनु भयो। उहाँले भन्नुभयो, चुनौतिहरु भएपनि केंद्र सरकार राज्यमा रेलको विकास परियोजनाहरुलाई अघि बढ़ाउने प्रयास गरिरहेको छ।

**महिला दिवस**

आज अंतर्राष्ट्रीय महिला दिवस हो। यस वर्षको विषय- **महिलाहरु अनि बालिकाहरुका लागि अधिकार, न्याय अनि कार्रवाई रहेको छ।** यसले महिला अधिकारहरुलाई मजबूत गर्न, न्यायसम्म  पहुंच सुनिश्चित गर्न अनि स्त्री-पुरुष समानता ल्याउने

भावनालाई दर्शाउद छ।यस अवसरमा आज देशभरि धेरै कार्यक्रम भइरहेको छ। राष्ट्रपति द्रौपदी मुर्मु नयाँ दिल्लीको मानेकशॉ सेंटरमा एक समारोहमा सामेल हुनुहुनेछ। महिला अनि बाल विकास मंत्री अन्नपूर्णा देवी तथा राज्य मंत्री सावित्री ठाकुर पनि कार्यक्रममा उपस्थित रहने छन्। महिला अनि बाल विकास मंत्रालय आज कर्तव्य-पथमा अलग-अलग क्षेत्रको महिलाहरु सित **शक्ति वॉकको** आयोजन गरिरहेको छ। राष्ट्रपति द्रौपदी मुर्मुले **अंतर्राष्ट्रीय महिला दिवसको** शुभकामना दिनु भएको छ। उहाँले भन्नुभयो महिलाहरु समाज अनि राष्ट्रको आधार हो अनि शिक्षित, आत्मनिर्भर तथा सशक्त महिलाहरु समृद्ध अनि प्रगतिशील राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिन सक्ने छ।

**प्रधानमंत्री- राष्ट्रपति पश्चिम बंगाल प्रोटोकॉल**

प्रधानमंत्री नरेन्द्र मोदीले राष्ट्रपति द्रौपदी मुर्मुको पश्चिम बंगाल भ्रमण अवधि प्रोटोकॉलको पालन नगरेको अनि सिलीगुड़ीमा आयोजित अंतर्राष्ट्रीय संथाल सम्मेलनको स्थान अचानक बदलेकोमा तृणमूल कांग्रेस सरकारको आलोचना गरेको छ । सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो तृणमूल कांग्रेस सरकारले साच्चै सबै सीमा पार गरेको छ अनि राष्ट्रपतिको यस अपमानका लागि राज्य सरकारको प्रशासन ज़िम्मेवार छन् । उहाँले भन्नुभयो राष्ट्रपतिको पद राजनीति भन्दा माथि छ अनि यस पदको पवित्रतालाई सदैव सम्मान गरिनु पर्छ।

****** ० ******